# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फ प्राविधिक तथा अप्राविधिक तर्फका सहायकस्तर चौथो तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २३२/२०८१-०८२, मिति २०८१/१०/२८ गते सोमबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायकस्तर चौथो तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/११/२७ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फ** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ र दफा ४१ बमोजिमको योग्यता तथा दफा ३३ बमोजिम योग्य भएको हुनु पर्नेछ। स्थानीय सरकारी सेवाको हकमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ र दफा ३७ बमोजिमको योग्यता तथा दफा ३० योग्य भएको हुनु पर्नेछ। प्रदेश निजामती सेवाको हकमा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५४ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनु पर्नेछ।

२. **कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फ** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६, ३७, ३८ र ३९ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ बमोजिम हुनेछ। स्थानीय सरकारी सेवा तर्फको हकमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ। प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम एवं स्थानीय सरकारी सेवाको हकमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ। प्रदेश निजामती सेवाको हकमा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५४ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनु पर्नेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिट रोल नं.) उल्लेख गर्नु पर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

७. स्थानीय सरकारी सेवा तर्फका पदहरूका लागि आयोगमा बढुवाको फाराम बुझाउँदा सम्बन्धित तहको लागि पदपूर्ति हुने स्थानीय तहहरूको लागि आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकताक्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ ।

८. दरखास्त दस्तुर रु. ५००।- (रु. पाँच सय मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-**

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा

नेपाल बैंक लिमिटेड, खाता नं. २७००२०००००१००१००००००१ वा

कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**अ. प्रदेश निजामती सेवा तर्फ :**

**क) प्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १४५/२०८१-०८२ | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २. | १४६/२०८१-०८२ | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| ३. | १४७/२०८१-०८२ | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | १ |
| ४. | १४८/२०८१-०८२ | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल | १ |

ख) अप्राविधिक तर्फः

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १४९/२०८१-०८२ | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| २. | १५०/२०८१-०८२ | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | ३ |

आ. स्थानीय सरकारी सेवा तर्फ :

क) प्राविधिक तर्फः

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १५१/२०८१-०८२ | असिष्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | ५ |
| २ | १५२/२०८१-०८२ | अमिन | ४ | स्थानीय इन्जि./सर्भे | १ |
| ३ | १५३/२०८१-०८२ | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| ४ | १५४/२०८१-०८२ | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| ५ | १५५/२०८१-०८२ | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो. एण्ड डे.डे. | १ |

ख) अप्राविधिक तर्फः

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १५६/२०८१-०८२ | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ९ |
| २ | १५७/२०८१-०८२ | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |

## कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

अ. प्रदेश निजामती सेवा तर्फः

क) प्राविधिक तर्फः

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १५८/२०८१-०८२ | फरेष्टर | ४ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २ | १५९/२०८१-०८२ | अ.हे.ब. | ४ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| ३ | १६०/२०८१-०८२ | कोल्ड चेन असिस्टेन्ट | ४ | प्रदेश स्वास्थ्य/हे.इ. | १ |
| ४ | १६१/२०८१-०८२ | अ.न.मी. | ४ | प्रदेश स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | १ |
| ५ | १६२/२०८१-०८२ | वैद्य | ४ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल | १ |

ख) अप्राविधिक तर्फ

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १६३/२०८१-०८२ | खरिदार | ४ | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| २ | १६४/२०८१-०८२ | सह लेखापाल | ४ | प्रदेश प्रशासन/लेखा | ३ |

आ. स्थानीय सरकारी सेवा तर्फः

क) प्राविधिक तर्फः

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १६५/२०८१-०८२ | असिष्टेन्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | ५ |
| २ | १६६/२०८१-०८२ | खा.पा.स.टे. | ४ | स्थानीय इन्जि./सिभिल/स्यानिटरी | १ |
| ३ | १६७/२०८१-०८२ | अमिन | ४ | स्थानीय इन्जि./सर्भे | १ |
| ४ | १६८/२०८१-०८२ | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | ३ |
| ५ | १६९/२०८१-०८२ | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| ६ | १७०/२०८१-०८२ | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो. एण्ड डे.डे. | २ |

ख) अप्राविधिक तर्फः

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १७१/२०८१-०८२ | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ९ |
| २ | १७२/२०८१-०८२ | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ३ | १७३/२०८१-०८२ | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |